प्रमाणित प्रतिलिपी

**मिति २०८१/०३/४ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. नीति तथा कार्यक्रम सम्बन्धमा ।
२. आर्थिक विधेयक, २०८१ सम्बन्धमा ।
३. विनियोजन विधेयक, २०८१ सम्बन्धमा ।
४. आ.व. २०८१/०८२ को वजेट योजना तथा कार्यक्रम सम्बन्धमा ।
५. न्यायीक समितिको प्रतिवेदन सम्बन्धमा ।
६. सुरक्षित नागरिक आवास निर्माण सम्बन्धमा ।
७. मलेप प्रतिवेदन सम्बन्धमा ।
८. वेरुजु फर्छ्यौट सम्बन्धमा ।
९. अनुगमन प्रतिवेदन सम्बन्धमा ।
१०. विविध सम्बन्धमा ।

**बैठकका निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आगामी आ.व.को नीति कार्यक्रमका सन्दर्भमा छलफल भयो । नगर प्रमुख बाट तयार भई आजको बैठकमा छलफल तथा थपघट भई तयार भएको नीति तथा कार्यक्रम पन्ध्रौं नगरसभाको अधिवेशनको पहिलो बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को आर्थिक विधेयक, स्वीकृतीको लागि पन्ध्रौं नगरसभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को विनियोजन विधेयक र आर्थिक वर्ष २०८१/०८२ देखि २०८३/०८४ को मध्यमकालिन खर्च संरचना स्वीकृतीको लागि पन्ध्रौं नगरसभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वजेट, योजना तथा कार्यक्रम स्वीकृतीको लागि पन्ध्रौं नगरसभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०८०/०८१ मा हाल सम्म न्यायीक समितिबाट सम्पादन गरिएको कार्यहरुको सन्दर्भमा उप- प्रमुख बाट पेश भएको प्रतिवेदन पन्ध्रौं नगरसभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा मिति २०८१/१/२ गतेको कार्यपालिकाको बैठकबाट चालु आ.व.को सुरक्षित नागरिक आवास कार्यक्रमबाट ४३ घर छनौट गरी सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन निर्देशिका

अनुसारको रकम दिने गरी कार्यान्वयन प्रकृया अगाडी बढाउने भनि निर्णय भएमा चालु आ.व.मा सो कार्यक्रमको प्रथम किस्ता रकम मात्र निकासा हुने अवस्था रहेकोले थप ३० घर समेत छनौट गरी चालु आ.व.मा प्रथम किस्ता निकासा दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आर्थिक वर्ष २०७९/०८० को लेखापरिक्षण प्रतिवेदन आजको बैठकमा पेश भई छलफल भयो । प्रतिवेदनमा औल्याईएका वेरुजुहरु फर्छौट गर्ने र आगामी दिनमा वेरुजु नहुने गरी कार्य गर्ने व्यवस्थाप मिलाउने । साथै मलेप प्रतिवेदन पन्धौं नगरसभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा गत वितग आ.व.हरुको यस नगरपालिकाको आम्दानी खर्चको लेखापरीक्षण हुँदा नियमसंगत नभएको भनि औल्याईएका वेरुजु मध्येका वेरुजूहरु फर्छौटको लागि आजको बैठकमा पेश भई छलफल भयो उक्त वेरुजुहरु फर्छौटका लागि पन्धौं नगरसभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा अनुगमन समितिका अध्यक्ष एवं नगर उप प्रमुखले पेश गरेको अनुगमन प्रतिवेदन आजको बैठकमा पेश भई छलफल भयो । अनुगमन कार्यले समयमै योजना तोकिएबमोजिमको कार्य सम्पादन गर्न सहज भई रहेकोले सकेसम्म अनुगमनलाई अझै बढाउदै जाने र प्रतिवेदनमा उल्लेख भएबमोजिम कार्य गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**(क)** चौधौं नगरसभाबाट उपभोक्ता समितिले योजनाको कार्य सम्पन्न गरी फरफारक गर्ने समयावधि २०८१ बैशाख मसान्त सम्म तोकिएकोमा २०८१/२/४ को कार्यपालिका बैठकबाट २०८१ जेष्ठ मसान्त सम्म म्याद थप गरेतापनि अझै केही योजनाहरुको कार्य सम्पादन हुन नसकेकोले २०८१ आषाढ २० गते सम्म म्याद थप गरी योजनाहरुको फरफारक तथा भुक्तानी गर्ने ।

**(ख)** नगरसभाबाट एकल महिला, एकल पुरुष र ग वर्गका अपाङ्गहरुको मासिक भत्ता शिर्षकमा विनियोजित रकमबाट चालु आ.व.को लागि रकम भुक्तानी गर्न नपुग हुने भएकोले सो शिर्षकमा नपुग हुने रकम जेष्ठ नागरिक ८४ औं वर्षगाठ सम्मान कार्यक्रम शिर्षकमा रहेको रकमबाट भुक्तानी दिने ।

**(ग)** चौधौं नगरसभाबाट दिदि बहिनी कृषि फर्म केरा विरुवा खरिद शिनपा ५ भनि रु ५००००।- विनियोजन भएकोमा फर्मको नाम फरक पर्न गएकोले सो नाम लाई सुधार गरी चेलीबेटी कृषि फर्म केरा विरुवा खरिद शिनपा ५ रु ५००००।- संसोधन गरी कार्यान्वयन गर्ने ।

प्रमाणित प्रतिलिपि

(घ) शिनपा २ को कस्यप गुफा देखि यज्ञ प्रसादको घर सम्मको मो.वा.विपद कोषबाट लागत अनुमानका आधारमा बढीमा ३५०००।- खर्च गर्ने गरी मर्मत गर्ने ।

(ङ) यस नपाको वडा नं. १० को चालु आ.वको स्वीकृत कार्यकम अनुसार वडा पाश्वचित्र निर्माण भनि रु २ लाख विनियोजन भएकोमा उक्त कार्य रु १५००००।- मा गर्ने गरी सम्झौता भएकोले सो शिर्षकमा बचत रहेको रकमबाट वडा बासीलाई सुविधा पुऱ्याई रहेका सडक योजना विग्रीन गई समस्या भएकोले सडक मर्मतको लागि उक्त बचत रकमबाट शिनपा १० का सहायक मो.वा. मर्मत सुधार शिर्षकमा रु ५००००।- बिनियोजन गरी कार्य गराउने ।

(च) चालु आ.व.मा यस नगरपालिकाको वडा नं. १४ मा रहेको सुर्य ओडारको डिपिआर निर्माण गर्न भएको सम्झौता बमोजिम डिपिआर तयार भई सम्झौता बमोजिमकै समयावधि भित्र ड्राफ्ट प्रतिवेदन पेश भएकोमा उक्त तयार भएको प्रतिवेदन आजको बैठकमा सम्बन्धित कन्सल्टेन्सीको तर्फबाट प्रस्तुती भयो । छलफलमा प्राप्त पृष्ट पोषणलाई समावेश गरी अन्तिम प्रतिवेदन कार्यालयमा पेश गर्न लगाई सो प्राप्त पश्चात भुक्तानी गर्ने ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन गरियो ।